तमानखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बोंगादोभान, बागलुङ

गण्डकी प्रदेश, नेपाल

मिति :२०८३/०१/२२ गते

## तमानखोला गाउँपालिकामा रहेका सरकारी तथा सार्वजनिक जग्गाको अतिक्रमण सम्वन्धी सार्वजनिक सूचना ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय, बागलुङको च.नं. २११५ मिति २०८३/०१/२१ गतेको पत्र तथा नेपाल सरकार गृह मन्त्रालय, आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापन शाखाको च.नं. ६५० मिति २०८३/०१/१७ गतेको प्राप्त पत्रानुसार यस गाउँपालिकाको क्षेत्राधिकार भित्रको सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने प्रयोजनका लागि यस गाउँपालिका भित्र कोही कसैले सार्वजनिक जग्गा अतिक्रमण गरेको भए यस गाउँपालिका कार्यालय तथा सम्वन्धित वडा कार्यालयमा जानकारी दिनुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै, सुकुम्बासीको रूपमा त्यस्ता सरकारी तथा सार्वजनिक स्थानमा वसोवास गरिरहेका व्यक्तिहरूले आफूसँग भएको प्रमाण सहित गाउँपालिका कार्यालय तथा सम्वन्धित वडा कार्यालयमा निवेदन दिनुहुन समेत सूचित गरिन्छ। यस कार्यालयमा जानकारी हुन नआएको अतिक्रमित सार्वजनिक जग्गाको विषयमा प्रचलित नियमानुसार अतिक्रमण हटाउने कार्य प्रारम्भ हुने वेहोरा समेत जानकारीका लागि अनुरोध छ।

२०८३/०१/२२

(अमित परियार)

प्रमुख प्रशासकीय अधिकृत

ईमेल- ito.tamankholamun@gmail.com

वेबसाइट- www.tamankholamun.gov.np

Scanned with CamScanner

फोन नं.: ०६८-५२०३२२ (प्र.जि.अ.)
०६८-५२०१३३ (प्रशासन)
फ्याक्स नं.: ०६८-५२०१३३
वेबसाइट: daobaglung.moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## बागलुङ

(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : ०८२/८३ | वि.सं : २०८३ वैशाख २१
चलानी नं. २११५ | ने.सं.: ११४६ बछलागा: तृतिया

विषय:- सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण सम्बन्धमा।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
स्थानीय तह सबै,
बागलुङ।

प्रस्तुत विषयमा सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तगा अभिलेख व्यवस्थापन सम्बन्धमा यस कार्यालयको च.नं. २१०४ मिति २०८३/०१/१७ को पत्र मार्फत तहाँ कार्यालयमा परिपत्र गरिएको व्यहोरा विदितै छ। उक्त पत्रमा उल्लिखित विषयहरु तथा गृह मन्त्रालय, आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापन शाखाको च.नं. ६५० मिति २०८३/०१/१७ गतेको प्राप्तपत्रानुसार नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ गतेको वैठकवाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीको बुँदा नं. ९२ बमोजिम सरकारी तथा सार्वजनिक जग्गामा रहेको अतिक्रमण हटाउने सम्बन्धी पत्र पाना-१(एक) यसै साथ संलग्न रहेको व्यहोरा अनुरोध छ। व्यहोरा पत्रबाट अवगत गर्नुभई आवश्यक कारवाहीका लागि आदेशानुसार अनुरोध छ।

२०८३/१/२१
नवराज बराल
सहायक प्रमुख जिल्ला अधिकारी

तमानखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बोङ्गादोभान, बागलुङ
दर्ता नं.: ८५८
दर्ता मिति: २०८३/०१/२१

"व्यावसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन"

[illegible]

नेपाल सरकार

# गृह मन्त्रालय

(आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापन शाखा)

ईमेल: moha.vehicle@gmail.com
vmcmgmt@moha.gov.np
फोन नं. ०१-४२११२३४
फ्याक्स नं. ०१-४२११२१४

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- आ.प्र.स. तथा स.स.व्य.शा- ०८२/८३
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ६४०

मिति: २०८३/०१/१७
नेपाल संवत् ११४६

**विषय: सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण सम्बन्धमा।**

जिल्ला प्रशासन कार्यालय,
सबै (७७)।

प्रस्तुत विषयमा सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तथा अभिलेख व्यवस्थापनका सम्बन्धमा यस मन्त्रालयको च.नं. ६३७ मिति २०८३/०१/१६ को पत्र मार्फत तहाँ कार्यालयहरुमा परिपत्र गरिएको व्यहोरा विदितै छ। उक्त पत्रमा उल्लिखित केही विषयहरु थप प्रष्ट पार्न आवश्यक देखिएकोले नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीको बुँदा नं. ९२ बमोजिम सरकारी तथा सार्वजनिक जग्गामा रहेको अतिक्रमण हटाउने सम्बन्धमा देहाय बमोजिम गर्नु गराउनुहुन मिति २०८३/०१/१७ (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ।

१. आफ्नो जिल्लामा रहेका सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गरी बसेका घरपरिवारमध्ये को वास्तविक सुकुम्वासी हुन् र को होइनन् भन्ने पहिचान सम्बन्धित स्थानीय तहबाट भएको हुनुपर्ने,
२. वास्तविक पहिचान गरिएका सुकुम्वासीलाई तत्काल अन्यत्र व्यवस्थापन (सुरक्षित आवास, स्वस्थ खानपान, गोपनियताको संरक्षण, औषधी उपचार तथा परामर्श, महिला तथा अपाङ्गतामैत्री आवास कक्ष, सुरक्षा प्रबन्ध लगायत) योजनाको तयारी सम्बन्धित स्थानीय तहबाट गरिएको हुनुपर्ने,
३. वास्तविक सुकुम्वासीलाई व्यवस्थापन गर्ने योजना सहित आवश्यक सुरक्षा प्रबन्धका लागि स्थानीय तहले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा माग गर्न सक्ने,
४. माथि उल्लेखित व्यवस्थापन गर्ने योजना सहित सुरक्षा माग गरेमा जिल्ला प्रशासन कार्यालयले गृह मन्त्रालयसँगको समन्वयमा जग्गाको अतिक्रमण हटाउन आवश्यक सुरक्षाको प्रबन्ध गर्ने,
५. अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गा हटाउने कार्यका लागि तत् तत् निकायबाट गरिने कार्यका सम्बन्धमा तहाँ कार्यालयहरुबाट आम जनतालाई सुसूचित गर्ने गराउने।

२०८३/०१/१७
(कृष्ण देवकोटा)
शाखा अधिकृत